# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

हात्तीसार, काठमाण्डौ।

## कम्पनीको नवौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०७७ साल पौष २९ गते बुधवार बिहान ११:०० बजेदेखि कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री दिनेश कुमार घिमिरे — -अध्यक्ष
सचिव, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री पाराश्वर ढुङ्गाना — -सञ्चालक
सहसचिव, अर्थ मन्त्रालय

३. श्री बद्री राज अर्याल — -सञ्चालक
सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय

४. श्री महेश रिमाल — -सञ्चालक
नायव महाप्रवन्धक, राष्ट्रिय वीमा संस्थान

५. श्री सुधिर ज्ञवाली — -सञ्चालक
(सर्वसाधारण समूहबाट निर्वाचित)

६. श्री पराक्रम शर्मा — -सञ्चालक
स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउन्टेन्ट)

७. डा. ई. मेग बहादुर विश्वकर्मा — -सञ्चालक
स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ)

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति – जम्मा ७ जना**

१. श्री वेद प्रसाद खनाल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

२. श्री गोपाल कडरिया, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

३. श्री राजाराम दाहाल, उपसचिव
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री गोरख बहादुर शाही, उपमहालेखा नियन्त्रक
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री रामचन्द्र पोखरेल, प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री अर्जुन पराजुली, सहायक व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री शोभा श्रेष्ठ सुवेदी, का.मु. निर्देशक
प्रतिनिधि, नागरिक लगानी कोष

**सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः**

- सभास्थलमा भौतिक रुपमा – १३ जना
- भर्चुअल माध्यम (ZOOM) बाट – ४ जना

जम्माः १७ जना (४८५०७ कित्ता शेयर)

**कम्पनीका कर्मचारीहरुको उपस्थितिः**

१. श्री छवि राज पोखेल, प्रमुख कार्यकारी अधिकृत
२. श्री मुक्ति बोध न्यौपाने, नायव महाप्रवन्धक (वित्त)
३. श्री अरुण रजौरिया, नायव महाप्रवन्धक (हाइड्रो)
४. श्री वासुदेव भण्डारी, प्रमुख हाइड्रोपावर इन्जिनियर
५. श्री जिवन कुमार बस्नेत, वित्त विश्लेषक/ कम्पनी सचिव
६. श्री रमेश पनेरु, वरिष्ठ लेखा अधिकृत
७. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
८. श्री दिपक पौडेल, लेखा अधिकृत

छलफलका विषयहरु:

१) **साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विबरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) कोभिड-१९ महामारीका कारणले हुनसक्ने जोखिम र नेपाल सरकारद्वारा जारी गरिएको निर्देशनलाई मध्यनजर गर्दै सर्वसाधारण समूहबाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको रिक्त हुने पदमा नियुक्तिको लागि अवस्था सहज भए पछि निर्वाचन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने।

२) **विशेष प्रस्तावः**

१) कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा भुक्तानी गरिएको रु. ५० लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।

३) **विविध।**

## सभाको सञ्चालनः

### १. सूचना प्रकाशनः

मिति २०७७/९/८ गते बसेको सञ्चालक समितिको २१५औं बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०७७/९/९ गते प्रथम पटक तथा मिति २०७७/९/१० गते दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित गरी दुई पटक कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई नवौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो। साथै, यस वार्षिक साधारण सभामा ZOOM Meeting नामको अनलाइन मिटिङ्ग प्लेटफर्म (Meeting ID: 81009738211) बाट शेयरधनीहरुले भौतिक रुपमा सहभागिता जनाउन सक्ने व्यवस्था गरिएको थियो।

यसका अतिरिक्त नवौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन सूचना तथा जानकारीहरु

कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस नवौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सेमत जानकारी गराइएको थियो।

## २. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरु मध्ये ७ जनाले प्रतिनिधित्व गर्ने ८६.६७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको र सर्वसाधारण शेयरधनीहरु तर्फबाट ०.०३ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै १७ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको हुनाले नवौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

## ३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

नवौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस नवौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवले जानकारी गराई कम्पनीका नायव महाप्रवन्धक श्री मुक्ति बोध न्यौपानेलाई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गऱ्यो।

कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अध्यक्षतामा यस नवौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अनुमतिमा नवौं वार्षिक साधारण सभाको सञ्चालन शुरु गरियो। राष्ट्रिय गानबाट सभा शुरु भई सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेबाट द्विप प्रज्वलन गरी कार्यक्रम शुरुवात गरियो।

अध्यक्षको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखरेलले भर्चुअल माध्यमबाट तथा सभास्थलमा उपस्थित शेयरधनीहरु, विभिन्न निकायका प्रतिनिधिहरु लगायत अन्य उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भई कम्पनीको अवस्थाको बारेमा संक्षिप्त जानकारी गराउनु भयो।

तत् पश्चात सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको २१५औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०७६/७७ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको राय तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा निम्न बमोजिमका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः-

१) श्री रामचन्द्र पोखरेल, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- कम्पनी स्थापनाको दश वर्ष पुग्दा समेत कम्पनीमा २५ जना मात्र कर्मचारी भएकोले कम्पनीको व्यवसायको अनुपातमा कर्मचारी संख्या कम भएको भन्ने विषयमा जिज्ञासा।
- साधारण सभाको प्रस्तावमा रहेको प्रवन्धपत्र तथा नियमावली संशोधनको लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने नभई सभाबाट नै संशोधन सम्बन्धी निर्णय गरिनुपर्ने।
- संस्थागत सुशासनका विषयमा विशेष ध्यान दिई कम्पनीले कार्यसम्पादन गर्नुपर्ने।
- कम्पनीको उद्देश्य पूर्ति गर्ने र शेयरधनीहरुलाई उचित प्रतिफल दिने र कम्पनीको दिगोपन स्थापित हुने गरी विशेष रणनीतिक योजना तयार गर्नु पर्ने।
- कम्पनीले शेयर पूँजी बढाउने भन्दा पनि पूँजी सङ्कलनका अन्य वैकल्पिक माध्यमहरु अपनाउन बढी उपयुक्त हुने।

२) श्री शोभा श्रेष्ठ सुवेदी, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- संस्थामा उपलब्ध पूँजीको आधारमा कम्पनीबाट आयोजनामा भएको लगानी भन्दा मुद्दती खातामा भएको लगानी बढी देखिएकोमा सो विषयमा के भएको हो भन्ने जिज्ञासा।
- लगानी भएका जलविद्युत आयोजनाहरुमध्ये तीनवटा आयोजनाको मात्र व्यापारिक उत्पादन शुरु भएको देखिएको र बाँकी आयोजनाहरु सम्पन्न हुननसकेको बारेमा जिज्ञासा।
- प्रवन्धपत्र तथा नियमावलीको संशोधनको तीन महले वार्षिक प्रतिवेदनमा नै संलग्न गर्न उपयुक्त हुने।

३) श्री चन्द्र नारायण श्रेष्ठ, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- सभा हुने मिति भन्दा पहिले कम्पनीको कार्यालयमा वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदनको फोटोकपी उपलब्ध भए पनि वार्षिक प्रतिवेदन पुस्तिका नभएकोले साधारण सभा हुनु भन्दा अघि नै वार्षिक प्रतिवेदनको पुस्तिका छपाई गर्न सुझाव।

४) श्री प्रभु लाल अधिकारी, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- अन्य विभिन्न कम्पनीहरुमा सञ्चालकको निर्वाचन हुन सकेको तर यस कम्पनीमा सर्वसाधारणको तर्फबाट निर्वाचित हुने सञ्चालकको निर्वाचन नगरिएकोमा गुनासो व्यक्त।
- समयमै कानूनसम्मत ढङ्गले सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्न सुझाव।
- प्रवन्धपत्र तथा नियमावलीको संशोधनको तीन महले वार्षिक प्रतिवेदनमा नै संलग्न गर्न उपयुक्त हुने सुझाव।
- कम्पनीको भावी कार्यनीतिको समय सापेक्ष सुधार गरी अघि बढ्न सुझाव।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखेलले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको देहाय बमोजिम जवाफ दिनु भयोः

- कम्पनीको कार्यसम्पादनका लागि आवश्यक कर्मचारीहरुको पदपूर्ति गर्ने सम्बन्धमा कर्मचारी विनियमावली संशोधनको प्रकृया प्रारम्भ भई सहमतिको लागि श्री लोक सेवा आयोगमा पेश गरिएको।
- कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधनका लागि कम्पनीको सञ्चालक समितिबाट यस सभामा नै संशोधनको तीन महले सहित संशोधन प्रस्ताव पेश गरिएको।
- कम्पनीमा उपलब्ध पूँजीको ठूलो हिस्सा मुद्दती निक्षेपको रुपमा देखिएको भएता पनि विगत वर्षहरुको तुलनामा हालका वर्षहरुमा आयोजनाहरुमा ऋण तथा स्वपूँजी लगानी वृद्धि भइरहेको र सो अनुसार नै कम्पनीको कुल आम्दानीमा ऋण तथा शेयर लगानीबाट प्राप्त हुने आम्दानीको हिस्सा निरन्तर वृद्धि भइरहेको।
- आफ्नो व्यवसाय विस्तारसँगै कम्पनीले ऋणपत्र, आन्तरिक ऋण र सहुलियतपूर्ण वैदेशिक ऋण लगायतका पूँजी सङ्कलनका माध्यमबाट लगानीयोग्य पूँजी विस्तारको योजना अगाडि बढाएको।
- कोभिड-१९ को महामारीको अवस्थाले गर्दा सो रोगको सङ्क्रमणको जोखिम न्यूनिकरण गर्नका लागि नेपाल सरकारद्वारा भीडभाड हुने गरी सभा सम्मेलन नगर्न भनी जारी गरिएको आदेश अनुसार हाल सञ्चालकको निर्वाचन कार्यक्रम नराखिएको तथा यस साधारण सभामा सञ्चालकको निर्वाचन कार्यक्रम गर्न लागि कम्पनीबाट जिल्ला प्रशासन कार्यालयमा सहमतिका लागि पत्राचार गरिएकोमा सो कार्यालयबाट सो अनुसारको सहमति प्राप्त नभएकोले परिस्थिति सहज भए पश्चात सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन कार्यक्रम गर्ने प्रतिवद्धता व्यक्त।
- सातौं वार्षिक साधारण सभाबाट निर्णय भए बमोजिमको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा हाल प्रकृयामा रहेको र नेपाल सरकार अन्तर्गतका संस्थापक शेयरधनी निकायहरुबाट हकप्रद शेयर वापत रु. ५ अर्व ५० करोड प्राप्त भई शेयर कायम भइसकेको र अन्य सबै संस्थापक शेयरधनीहरु हकप्रद शेयर लिने सम्बन्धी निर्णय प्राप्त भएपछि र संस्थाको क्रेडिट रेटिङ्ग कार्य सम्पन्न भएछि नेपाल धितोपत्र बोर्डको अनुमति लिएर चालु आर्थिक वर्ष भित्र सर्वसाधारणलाई हकप्रद शेयरको विक्री खुला हुने।
- शेयरधनीहरुबाट उपलब्ध सुझाव अनुसार कम्पनीले आफ्नो भावी कार्ययोजनामा आवश्यक सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त।

६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

(क) सामान्य प्रस्तावः

**प्रस्ताव नं. १:** **आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट कम्पनीको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २:** **लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री राजन अधिकारीबाट कम्पनीको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षक प्रतिवेदन तथा २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३:** **श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः श्री महालेखापरीक्षकको कार्यालयको मिति २०७७/९/१७ गतेको च.नं. ११७ को पत्रबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिश गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री सृष्टी कोइरालालाई चालु आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,००,०००|- (अक्षरेपी तीन लाख मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ४:** **कोभिड-१९ महामारीका कारणले हुनसक्ने जोखिम र नेपाल सरकारद्वारा जारी गरिएको निर्देशनलाई मध्यनजर गर्दै सर्वसाधारण समूहबाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको रिक्त हुने पदमा नियुक्तिको लागि अवस्था सहज भए पछि निर्वाचन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने।**

निर्णयः कम्पनीको नियमावलीको नियम २७ बमोजिम सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन गर्नुपर्ने विषयमा छलफल हुँदा हाल विद्यमान कोभिड-१९ रोगको महामारीको अवस्थाले गर्दा सो रोगको सङ्क्रमणको जोखिम न्यूनिकरण गर्नका लागि नेपाल सरकारद्वारा भीडभाड हुने गरी सभा सम्मेलन नगर्न

भनी जारी गरिएको आदेश अनुसार यस सभामा सञ्चालकको निर्वाचन कार्यक्रम गर्न नसकिएको हुँदा नेपाल सरकारवाट सभा सम्मेलन गर्ने सम्वन्धमा भएको बन्देज फुकुवा भए पछि १५ दिन भित्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी विशेष साधारणसभा आह्वान गरी सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**(ख) विशेष प्रस्तावः**

**प्रस्ताव नं. १:** **कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा संलग्न बमोजिमको जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) प्रवन्धपत्र, २०७७ र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) नियमावली, २०७७ सर्वसम्मतिबाट पारित भयो।

**प्रस्ताव नं. २:** **कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु. ५० लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७७/०१/२६ गते बसेको सञ्चालक समितिको २०२औं बैठकको निर्णय बमोजिम कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु. ५० लाख सहयोग रकम भुक्तानी भएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

यस कम्पनीको नवौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न नियमनकारी निकायका प्रतिनिधिहरु उपस्थित भई नवौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट "यस सभामा भौतिक रुपमा तथा भर्चुअल माध्यमबाट उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। यसै गरी सातौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित

सञ्चालक श्री सुधिर ज्ञवालीको दुई वर्षे कार्यकाल मिति २०७७/०९/२९ गते समाप्त हुने भएकोले वहाँलाई सञ्चालकको रुपमा रही यस कम्पनीमा पुऱ्याउनुभएको योगदानको लागि धन्यवाद प्रकट गर्नुभयो। साथै यस नवौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै कम्पनीको नवौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) प्रवन्धपत्र, २०७७

साधारण सभाबाट पारित मितिः २०७७।९।२९

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको साधारण सभाले जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ मा देहाय बमोजिम संशोधन गरेको छः-

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस संशोधनको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) प्रवन्धपत्र, २०७७" रहेको छ ।

(२) यो प्रवन्धपत्र साधारण सभाबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ को दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूचीमा संशोधन: "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ को दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची अन्तर्गतको कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को खण्ड (ग) को बुँदा नं. ३, ३क, ३ख र ३ग र खण्ड (घ) को बुँदा नं. ५ झिकिएका छन्।

३. रुपान्तरः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ को ठाउँ ठाउँमा रहेको "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" भन्ने शब्दहरुको सट्टा "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) नियमावली, २०७७

साधारण सभाबाट पारित मितिः २०७७।९।२९

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको साधारण सभाले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली साधारण सभाबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ को नियम १८ मा संशोधनः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले एक वर्ष भित्र गरिनेछ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र गरिनेछ।"

३. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को,-
(१) उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्ः-

"(१) कम्पनीको प्रमुख प्रशासकको रुपमा कम्पनीमा एक प्रमुख कार्यकारी अधिकृत रहनेछ। समितिले ऐन, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा कम्पनी सञ्चालनका नीतिगत आधारहरुको अधीनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ। खुला प्रतिस्पर्धा सञ्चालन गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहने छः-

(क) अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -संयोजक
(ख) प्रतिनिधि, लोकसेवा आयोग (सहसचिवस्तर) -सदस्य
(ग) प्रतिनिधि, अर्थ मन्त्रालय (सहसचिवस्तर) -सदस्य
(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय अन्तर्गत जनप्रशासन वा व्यवस्थापनका क्षेत्रमा अध्यापन तथा अनुसन्धानरत प्राध्यापकहरु मध्ये समितिबाट मनोनीत एकजना -सदस्य
(ङ) पदपूर्ति सम्बन्धी मानव संसाधन विज्ञहरुमध्ये समितिबाट मनोनीत एकजना -सदस्य

तर, प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी व्यवस्था कम्पनीको प्रवन्धपत्र, नियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारबाट जारी भएका गठन आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्वन्धी छुट्टै व्यवस्था गरिएमा सोही वमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न यस नियमावलीमा लेखिएको व्यवस्थाले कुनै असर गर्ने छैन।

(२) देहायको योग्यता पुगेको व्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि उम्मेदवार हुन सक्नेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भएको र पचपन्न बर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ्ग वा कानूनमा वाणिज्य वा कम्पनी कानून विषय लिई प्रथम श्रेणीमा स्नातकोत्तर गरेको र बैकिङ्ग वा वित्तीय वा कोष व्यवस्थापन वा ईञ्जिनियरिङ्गका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय वा वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, वा

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रथम श्रेणीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको र नेपाल सरकारको वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी काममा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको, र

(घ) प्रचलित कानूनले अयोग्य नभएको।"

(२) उपनियम (२क) पछि देहायका उपनियम (२ख) (२ग) र (२घ) थपिएका छन्:-

"(२ख) देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैरनेपाली नागरिक,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको स्वामित्व भएको संस्था, सङ्गठित संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट भविष्यमा सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) भ्रष्टाचारजन्य कसूरमा सजाय पाएको,

(ङ) तोकिएको न्यूनतम योग्यता नपुगेको,

(च) साहुको दामासाहीमा परेको,

(छ) कुनै कम्पनीको बहालवाला सञ्चालक रहेको (आफू कार्यरत संस्थाबाट पदीय हिसाबले प्रतिनिधित्व गरी सञ्चालक मनोनित भएको अवस्थामा बाहेक),

(ज) मानसिक सन्तुलन ठीक नभएको,

(झ) कम्पनीको कुनै पदमा निलम्वनमा रहेको,

(ञ) नसिहत पाएकोमा सो पाएको मितिले एक वर्ष र तलबवृद्धि रोक्का भएकोमा सो रोक्का रहेको अवधिभर,

(ट) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको।

(२ग) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृत उनान्साठी बर्ष पूरा भएपछि सो पदमा बहाल रहन सक्ने छैन।

(२घ) यस नियम बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौटको लागि विज्ञापन प्रकाशन, लिखित वा अन्य किसिमको प्रतिस्पर्धात्मक परीक्षाको किसिम र अङ्कभार निर्धारण तथा त्यस्तो परीक्षा सञ्चालन लगायतको अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ४९ मा संशोधन: मूल नियमावलीको नियम ४९ को उपनियम (५) झिकिएको छ।

५. रुपान्तर: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" भन्ने शब्दहरुको सट्टा "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) प्रवन्धपत्र, २०७७

तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (ग) बुँदा नं. ३ मा संशोधन**<br>पदपूर्ति समितिले प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिको तरिका निर्धारण एवं व्यवस्था गरी स्वीकृतिकालागि समिति समक्ष पेश गर्नेछ। | खण्ड (ग) बुँदा नं. ३ झिकिएको छ। | कम्पनीमा प्रमुख कार्यकारी नियुक्ति गर्ने सम्बन्धी व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख भएकाले। |
| **दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (ग) बुँदा नं. ३क मा संशोधन**<br>उपदफा (३) बमोजिम पेश भएको प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिको तरिका निर्धारण एवं व्यवस्था समितिले स्वीकृत गरे पश्चात पदपूर्ति समितिले प्रमुख कार्यकारी अधिकृतको लागि विज्ञापन प्रकाशन, लिखित वा अन्य किसिमको प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी उपयुक्त उम्मेदवारको सिफारिस गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नेछ। | खण्ड (ग) बुँदा नं. ३क झिकिएको छ। | कम्पनीमा प्रमुख कार्यकारी नियुक्ति गर्ने सम्बन्धी व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख भएकाले। |
| **दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (ग) बुँदा नं. ३ख मा संशोधन**<br>प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिश गर्न समितिका अध्यक्ष वा निजले तोकेको समितिको सदस्यको | खण्ड (ग) बुँदा नं. ३ख झिकिएको छ। | कम्पनीमा प्रमुख कार्यकारी नियुक्ति गर्ने सम्बन्धी व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख भएकाले। |

| | | |
|---|---|---|
| संयोजकत्वमा देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्न सकिने छः-<br>(क) अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -संयोजक<br>(ख) सहसचिव, लोकसेवा आयोग -सदस्य<br>(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य<br>(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय अन्तर्गत जनप्रशासन वा व्यवस्थापनका क्षेत्रमा अध्यापन तथा अनुसन्धानरत प्राध्यापकहरु मध्येबाट समितिबाट मनोनीत एकजना -सदस्य<br>(ङ) सम्बधित विषयको विज्ञ एकजना -सदस्य | | |
| **दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (ग) बुँदा नं. ३ग मा संशोधन**<br>पदपूर्ति समितिले आवश्यकता अनुसार कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ। | खण्ड (ग) बुँदा नं. ३ग झिकिएको छ। | कम्पनीमा प्रमुख कार्यकारी नियुक्ति गर्ने सम्बन्धी व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख भएकाले। |
| **दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (घ) बुँदा नं. ५ मा संशोधन**<br>अधिकृतस्तरमा नियुक्त हुने स्थायी कर्मचारी तथा विशेषज्ञको न्यूनतम शैक्षिक योग्यता कम्तीमा सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सहायकस्तरका कर्मचारी प्रथम श्रेणीमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ। सवारी चालक र कार्यालय सहयोगीको योग्यता भने पदपूर्ति | खण्ड (घ) बुँदा नं. ५ झिकिएको छ। | सञ्चालक समितिको २११औं बैठकले कम्पनीको कर्मचारी विनियमावलीमा संशोधन गर्ने निणर्य गरेको र कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था कर्मचारी विनियमावलीमा उल्लेख भइसकेकोले। |

| | | |
|---|---|---|
| उपसमितिले निर्धारण गर्नेछ। | | |
| रुपान्तर | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८ को ठाउँ ठाउँमा रहेको "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" भन्ने शब्दहरुको सट्टा "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ। | प्रबन्धपत्रमा भएको सातौं संशोधन २०७४ बाट कम्पनीको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" बाट परिवर्तन भई "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" नाम कायम भएकोले। |

## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (नवौं संशोधन) नियमावली, २०७७

### तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **नियम १८ को उपनियम (२) मा संशोधन**<br>यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले आफ्नो कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको पाँच महिना भित्र गरिनेछ। | नियम १८ को उपनियम (२)-<br>कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले एक वर्ष भित्र गरिनेछ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र गरिनेछ। | कम्पनी ऐन, २०६३ सँग अनुकूल बनाउनु पर्ने हुँदा। |
| **नियम ३६ को उपनियम (१) मा संशोधन**<br>(१) समितिले ऐन, कम्पनीको प्रवन्धपत्र, कम्पनी सञ्चालनका नीतिगत आधारहरु र नियमावलीको अधीनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ र पदपूर्ति समितिले आवश्यक ठानेमा उक्त कार्यका लागि छनौट समिति समेत गठन गर्न सक्नेछ ।<br>तर, प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी व्यवस्था कम्पनीको प्रवन्धपत्र, नियमावली र कम्पनी संचालनका नीतिगत आधारहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून र नेपाल सरकारबाट जारी भएका गठन, आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी छुट्टै व्यवस्था गरिएमा सोही बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न नियमावलीमा लेखिएको व्यवस्थाले कुनै असर गर्ने छैन। | नियम ३६ को उपनियम (१)-<br>(१) कम्पनीको प्रमुख प्रशासकको रुपमा कम्पनीमा एक प्रमुख कार्यकारी अधिकृत रहनेछ। समितिले ऐन, कम्पनीको प्रवन्धपत्र, नियमावली तथा कम्पनी सञ्चालनका नीतिगत आधारहरुको अधीनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ। खुला प्रतिस्पर्धा सञ्चालन गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहने छः-<br>(क) अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -संयोजक<br>(ख) प्रतिनिधि, लोकसेवा आयोग (सहसचिवस्तर) -सदस्य<br>(ग) प्रतिनिधि, अर्थ मन्त्रालय (सहसचिवस्तर) -सदस्य<br>(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय अन्तर्गत जनप्रशासन वा व्यवस्थापनका क्षेत्रमा अध्यापन तथा अनुसन्धानरत प्राध्यापकहरु मध्ये समितिबाट मनोनीत एकजना -सदस्य | प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्वन्धी व्यवस्था कम्पनीको कर्मचारी विनियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुबाट झिकेर नियमावलीमा व्यवस्था गर्नुपर्ने भएकोले। |

| | | |
|---|---|---|
| | (ङ) पदपूर्ति सम्वन्धी मानव संसाधन विज्ञहरुमध्ये समितिबाट मनोनीत एकजना -सदस्य<br>तर, प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी व्यवस्था कम्पनीको प्रवन्धपत्र, नियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारवाट जारी भएका गठन आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्वन्धी छुट्टै व्यवस्था गरिएमा सोही वमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न यस नियमावलीमा लेखिएको व्यवस्थाले कुनै असर गर्ने छैन। | |
| नियम ३६ को उपनियम (२) मा संशोधन<br>(२) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता देहाय बमोजिम हुनेछः-<br>(क) उमेर पैंतीस वर्ष पूरा भएको र पचपन्न बर्ष ननाघेको,<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जन प्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ वा वाणिज्य वा कम्पनी कानूनमा प्रथम श्रेणीमा स्नातकोत्तर गरेको र बैंकिङ्ग/वित्तीय/कोष/ईन्जिनियरीङ्ग व्यवस्थापनका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय/वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरी बैंकिङ्ग/वित्तीय/कोष व्यवस्थापनका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय/वरिष्ठ प्रवन्धक | नियम ३६ को उपनियम (२)-<br>(२) देहायको योग्यता पुगेको व्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि उम्मेदवार हुन सक्नेछः-<br>(क) पैंतीस वर्ष उमेर पूरा भएको र पचपन्न बर्ष ननाघेको,<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ्ग वा कानूनमा वाणिज्य वा कम्पनी कानून विषय लिई प्रथम श्रेणीमा स्नातकोत्तर गरेको र बैंकिङ्ग वा वित्तीय वा कोष व्यवस्थापन वा ईञ्जिनियरिङ्गका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय वा वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, | प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी व्यवस्था कम्पनीको कर्मचारी विनियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुबाट झिकेर नियमावलीमा व्यवस्था गर्नुपर्ने भएकोले। |

| | | |
|---|---|---|
| तहमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, र<br>(ग) प्रचलित कानूनले अयोग्य नभएको । | वा<br>(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रथम श्रेणीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको र नेपाल सरकारको वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी काममा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको,<br>र<br>(घ) प्रचलित कानूनले अयोग्य नभएको।" | |
| साविकमा नरहेको- | नियम ३६ को उपनियम (२क) पछि देहायका उपनियम (२ख) (२ग) र (२घ) थपिएका छन् -<br>(२ख) देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन वा बहाल रहन सक्ने छैनः-<br>(क) गैरनेपाली नागरिक,<br>(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको स्वामित्व भएको संस्था, सङ्गठित संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट भविष्यमा सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,<br>(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,<br>(घ) भ्रष्टाचारजन्य कसूरमा सजाय पाएको,<br>(ङ) तोकिएको न्यूनतम योग्यता नपुगेको, | प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी व्यवस्था कम्पनीको कर्मचारी विनियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुबाट झिकेर नियमावलीमा व्यवस्था गर्नुपर्ने भएकोले। |

| | | |
|---|---|---|
| | (च) साहुको दामासाहीमा परेको,<br>(छ) कुनै कम्पनीको बहालवाला सञ्चालक रहेको (आफू कार्यरत संस्थाबाट पदीय हिसाबले प्रतिनिधित्व गरी सञ्चालक मनोनित भएको अवस्थामा बाहेक) ,<br>(ज) मानसिक सन्तुलन ठीक नभएको,<br>(झ) कम्पनीको कुनै पदमा निलम्बनमा रहेको,<br>(ञ) नसिहत पाएकोमा सो पाएको मितिले एक वर्ष र तलबवृद्धि रोक्का भएकोमा सो रोक्का रहेको अवधिभर,<br>(ट) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको।<br>(२ग) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृत उनान्साठी बर्ष पूरा भएपछि सो पदमा बहाल रहन सक्ने छैन।<br>(२घ) यस नियम बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौटको लागि विज्ञापन प्रकाशन, लिखित वा अन्य किसिमको प्रतिस्पर्धात्मक परीक्षाको किसिम र अङ्कभार निर्धारण तथा त्यस्तो परीक्षा सञ्चालन लगायतको अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।" | |
| **नियम ४९ को उपनियम (५) मा संशोधन-**<br>(क) नायब महाप्रबन्धक (वित्त) को न्यूनतम शैक्षिक योग्यता बाणिज्य/व्यवस्थापन/वैकिङ्ग विषयमा कम्तीमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा ७ वर्षसम्म वैंक/वित्तीय संस्था वा नेपाल सरकारको अधिकृत स्तरमा कार्य | नियम ४९ को उपनियम (५) झिकिएको छ। | सञ्चालक समितिको २११औं बैठकले कम्पनीको कर्मचारी विनियमावलीमा संशोधन गर्ने निणर्य गरेको र कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था कर्मचारी विनियमावलीमा |

| | | |
|---|---|---|
| गरेको र सो कार्य अवधि मध्ये कम्तिमा ३ वर्षसम्म बैंक/वित्तीय संस्थाको वरिष्ठ प्रवन्धक वा नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो पदमा रहि कार्य गरेको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।<br>(ख) नायब महाप्रबन्धक (जलविद्युत) को न्यूनतम शैक्षिक योग्यता जलविद्युत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, वा प्रशारण वा वितरणको कार्यमा अधिकृत स्तरको तहमा कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकारको राजपत्रांकित अधिकृतस्तरको इन्जिनियरिङ सेवामा कम्तीमा ७ वर्ष कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ। | | उल्लेख भइसकेकोले। |
| रुपान्तर | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमवाली, २०६८ को ठाउँ ठाउँमा रहेको "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" भन्ने शब्दहरुको सट्टा "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ। | प्रवन्धपत्रमा भएको सातौं संशोधन २०७४ बाट कम्पनीको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड" बाट परिवर्तन भई "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" नाम कायम भएकोले। |